# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

३ कात्तिक, २०७७

### कारागार अनुगमन प्रतिवेदन कार्यान्वयन सम्बन्धमा आयोगको सिफारिस ।

कोभिड–१९ को महामारीको अवस्थामा आयोगबाट सातै प्रदेशका २८ जिल्लाका कारागारहरुको द्रूत अनुगमन गरिएको थियो । उक्त अनुगमन तथा निरीक्षणबाट प्राप्त तथ्य तथा प्रतिवेदनको आधारमा आयोगको २०७७/६/२८ मा तपसिल बमोजिमको निर्णय गरी कार्यान्वयनको लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

**तपसिल**

१. कोभिड –१९ महामारीबाट थुनुवा, कैदीबन्दी सुरक्षित राख्न र सबै कारागारका लागि पूर्वतयारी तथा प्रतिकार्य प्रयोजनका लागि एक एकिकृत निर्देशिका जारी गरी कार्यान्वयन गर्न, गराउन,

२. कोभिड –१९ बाट कारागारमा रहेका कैदीबन्दी, सुरक्षाकर्मी तथा कर्मचारीमा हुन सक्ने संक्रमण जोखिमलाई कम गर्न अपनाउनु पर्ने सावधानीका लागि अत्यावश्यक मास्क, सेनिटाइजर, पञ्जा, फेससिल्ड, सावुन, ज्वरो नाप्ने यन्त्र, पीपीई सेट लगायतका सामग्रीको लागि तत्काल बजेट व्यवस्थापन गर्न, गराउन,

३. कारागार भित्र क्वारेन्टाइन र आइसोलेशन वार्ड व्यवस्थापनका लागि पर्याप्त बजेट नभएकोले सोको व्यवस्थापन गर्न, गराउन,

४. कारागार भित्र सामाजिक दुरी कायम गर्न स्थान अभावको कारण असम्भव देखिएकाले कारागारमा आपत्कालिन संरचना निर्माण गरी सामाजिक दुरी कायम गर्न गराउने अवस्था सिर्जना गर्न, गराउन,

५. कैदीबन्दीका लागि संक्रमण जोखिम कम गर्न अपनाउनु पर्ने सावधानीका लागि सेनिटाइजर, झोलिलो र पोषिलो खाना, पर्याप्त पानी, सरसफाई सहितको शौचालयको प्रबन्ध, तातोपानी लगायत विश्व स्वास्थ्य संगठनको मापदण्ड पुरा भएको नपाइएकोले सोको लागि विद्यमान सिदा खर्च रु.६०।– अपुग भएकोले तत्काल थप बजेट व्यवस्थापन गर्न, गराउन,

६. अस्पताल तथा अदालतबाट फर्किएका सुरक्षाकर्मी र कैदीबन्दीबाट अन्य कैदीबन्दीमा संक्रमण फैलिन सक्ने उच्चजोखिम रहेको पाइएकोले छुट्टै क्वारेन्टाइनको व्यवस्थापन गर्न, गराउन । साथै उनीहरुलाई अस्पताल तथा अदालत जाँदा पीपीई सहित पुर्ण स्वास्थ्य मापदण्ड पालना गर्न, गराउन,

७. अधिकांश कारागारमा कैदीबन्दीको संख्या क्षमता भन्दा अत्याधिक रहेको र दैनिक रुपमा संख्या बृद्धिभई रहेको सन्दर्भमा केही कारागारमा सवारी साधन नरहेको तथा सञ्चालनमा रहेका सवारी साधनको संख्या कैदीबन्दीको तुलनामा न्यून रहेको, मर्मतमा पर्याप्त बजेट नरहेकोले कैदीबन्दीलाई अस्पताल र अदालत तथा अर्धन्यायिक निकायमा तोकिएको समयमा उपस्थित गराउन समस्या रहेकोले पर्याप्त बजेटको व्यवस्थापन गर्न, गराउन,


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८१, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

८. कारागारभित्र रहेका कैदीबन्दीको कोरोना संक्रमणको कारण मृत्यू समेत हुने गरेको पाइएकोले र कतिपय कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा दरबन्दीपूर्ति नहुँदा स्वास्थ्य उपचारको प्रभावकारी प्रबन्ध हुन नसकेकोले दरबन्दी बमोजिम स्वास्थ्यकर्मीको तत्काल व्यवस्थापन गर्न, गराउन,

९. कारागारभित्र रहेका जेष्ठ नागरिक र अन्य दीर्घरोगी बिरामीको जीवनको अधिकार संरक्षणका लागि कानून बमोजिम पाउने सजाय छुटको व्यवस्थालाई अविलम्ब लागू गर्न, गराउन । साथै उनीहरुलाई औषधिको पर्याप्त व्यवस्थाको साथै छुट्टै बस्ने व्यवस्था गर्न, गराउन,

१०. नयाँ थुनुवा वा सरुवा भई आएका कैदीवन्दी वा कर्मचारी वा सुरक्षाकर्मीहरुलाई कारागार प्रवेश गर्नु पुर्व अनिवार्य कोभिड–१९ परीक्षण गराई कोभिड–१९ नकरात्मक पाइएका मात्रैलाई प्रवेशको व्यवस्था गर्न, गराउन हुन तथा थुनुवा, कैदीबन्दी, कर्मचारी, सुरक्षाकर्मीको नियमित आवधिक नमुना कोभिड–१९ परीक्षण गर्न, गराउन,

११. दीर्घरोगी, ज्येष्ठ नागरिक, महिला कैदीबन्दीहरुलाई सम्बन्धित जिल्ला कारागारमा नै राख्ने व्यवस्था गर्न, गराउन,

१२. अत्यन्त पुरानो, जीर्ण तथा भूकम्पले क्षतिग्रस्त कारागार संरचना पुनर्निर्माण गर्न गराउन हुन ।

१३. सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७/१/१७ गतेको अन्तरिम आदेश र २०७७/४/१९ गतेको परमादेश अनुसार कारागारमा कैदीबन्दी उच्च जोखिममा रहेको देखिंदा कैदीबन्दीको जीवनको अधिकार संरक्षणका लागि तत्काल कारागारको भिडभांड कम गर्न र कारागार भित्र नाजुक अवस्थामा रहेका आश्रित बालबालिका, गर्भवती महिला, स्तनपान गराउने महिला र जटील स्वास्थ्य समस्या भएका कैदीहरुलाई प्राथमिकताको आधारमा उनीहरुको अवस्थाको पहिचान गरी स्वास्थ्यमा हुने जोखिमतासँग कसूरको प्रकृति समेतलाई दृष्टिगत गरी संक्रामक रोग ऐन,२०२० को दफा २ प्रयोग गरी महामारी रोकथामका लागि नेपाल सरकारबाट आदेश र निर्णयको सन्दर्भमा तत्काल रिहा हुने वा सजाय कम वा छुट गर्ने वा अन्य कुनै उपयुक्त विशेष निर्णय लिनेतर्फ अविलम्ब कदम अगाडि बढाउन ।

वेद भट्टराई
सचिव/प्रवक्ता